# स्वामिकार्तिक खापर गाउँपालिका,
# ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना,
# तेस्रो चरण

**२०७७ श्रावण**







# आर्थिक वर्ष २०७६/७७ को
# वार्षिक
# प्रगति प्रतिवेदन

स्वाकार्तिक खापर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सुईजिउला वाई,बाजुरा

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
स्वामिकार्तिक खापर गाउँपालिका
सहयोग इकाई
सुईजिउला वाई, बाजुरा

# विषय सूची

आर्थिक वर्ष २०७६/७७ को प्रगतिको सारांश ........ 2
क. आर्थिक प्रगति सारांश ........ 2
ख. भौतिक प्रगति सारांश ........ 4
नतिजा १: खानेपानी, सरसफाइ तथा स्वच्छता ........ 4
नतिजा २: जीविकोपार्जन प्रवर्द्धन ........ 6
नतिजा ३: जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण ........ 7
नतिजा ४: क्षमता विकास ........ 7
आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रगति प्रतिवेदन ........ 8
१. पृष्ठभूमि ........ 8
२. लक्ष बमोजिम उपलब्धी ........ 9
३. अनुगमन तथा प्रतिबेदन ........ 15
४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 16
५. नीति तर्जुमा ........ 17
६. सहकार्य ........ 18
७. आइपरेका समस्याहरु ........ 18
अनुसूची १: यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ 19
अनुसूची २.१: यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ 20
अनुसूची २.२: गत वर्ष २०७५।०७६ सम्मको पेश्की / वेरुजु बाँकीको अवस्था ........ 22
अनुसूची २.३: आर्थीक बर्ष २०७६/०७७ मा थप भएको समेत कुल पेश्की / बेरुजु बाँकीको अवस्था ........ 22
अनुसूची ३: गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ 23
अनुसूची ४: भिजिविलिटी ........ 24
अनुसूची ५: जनशक्ति विवरण ........ 25


GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७६/७७ को प्रगतिको सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | स्वामिकार्तिक खापर |
| **परियोजनाको नाम:** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधि:** | १ श्रावन २०७६ देखि ३१ आषाढ २०७७ (16th July 2019 to 16th July 2020) |

### क. आर्थिक प्रगति सारांश

| | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| **परियोजनाको लागि यस आ.व. को कुल बजेट तथा खर्चको अवस्था** (रु. हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **पुँजीगत:** | २४२१७ | २२२९२ | २१९६२ | ९१% |
| | **कार्यक्रम / चालु:** | ९०५३ | ९०४३ | ७४०८ | ८२% |
| | **जम्मा:** | **३३२७०** | **३१३३५** | **२९३७०** | **८८%** |

| | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| **स्रोतगत रुपमा आर्थिक वर्षको बजेट तथा खर्चको अवस्था** (रु. हजारमा) | **स्थानीय तह** | ७१८३ | ५२५८ | ५२५८ | ७३% |
| | **नेपाल सरकार** | ३६८७ | ३६८७ | ३५७५ | ९७% |
| | **दातृ निकाय (GoF / EU)** | २२४०० | २२३९० | २०५३७ | ९२% |
| | **जम्मा (WRDF):** | **३३२७०** | **३१३३५** | **२९३७०** | ८८% |
| | उपभोक्ताको (Cash) | ३३३ | ३१३ | २९४ | ८८% |
| | उपभोक्ताको (Kind) | ८३१५ | ७८३२ | ७३४३ | ८८% |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा (उपभोक्ता):** | ८६४८ | ८१४५ | ७६३६ | ८८% |
| | **कुल जम्मा:** | ४१९१८ | ३९४८० | ३७००६ | ८८% |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## ख. भौतिक प्रगति सारांश

### नतिजा १: खानेपानी, सरसफाइ तथा स्वच्छता

| क्षेत्र | आ.व. २०७६/७७ को लक्ष | आ.व. २०७६/७७ को उपलब्धि | Phase III को हालसम्मको उपलब्धि |
|---|---|---|---|
| **संरचनाहरु (Schemes):** | | | |
| खानेपानी आयोजनाको संख्या (IPC र IPC*) | २ | २ | ११ |
| खानेपानी आयोजनाको संख्या (IPO) | | | |
| खानेपानी आयोजनाबाट लाभान्वित जनसंख्या (IPC र IPC*) | | १३५२ | |
| खानेपानी आयोजनाबाट लाभान्वित जनसंख्या (IPO) | | | |
| संस्थागत शौचालय (IPC र IPC*) | २ | २ | ५ |
| संस्थागत शौचालय (IPO) | | | |
| सरसफाइ तथा स्वच्छता संरचनाहरु: | ३०० | ९ | ६१० |
| हातधुने स्थान (घर संख्या) | ८० | २४ | ५१५ |
| चांग (घर संख्या) | ८० | ३ | ६०१ |
| अन्य (घर संख्या) | | | |
| **अन्य सूचकांकहरु:** | | | |
| घरभेट | | | |
| प्रथम पटक | | ६०२ | ६०२ |
| दोस्रो पटक | | ४४५ | ४४५ |
| तेस्रो पटक | | ३१८ | ३१८ |
| चौथो पटक | | ११९ | ११९ |
| पूर्ण सरसफाइयुक्त खानेपानी आयोजना घोषणा | २ | ० | ० |
| खानेपानी आयोजनाअन्तर्गतको पूर्ण सरसफाइयुक्त घर संख्या | ८० | ३ | ३०१ |
| School WASH (3 – Star model) | | | |
| १ – तारा पुगेको विद्यालय संख्या | | ० | ० |
| २ – तारा पुगेको विद्यालय संख्या | | ० | ० |
| ३ – तारा पुगेको विद्यालय संख्या | | ० | ० |
| **तालिम, गोष्ठी तथा अभियानहरु:** | | | |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | |
|---|---|---|---|
| खानेपानी, पानी गुणस्तर तथा स्वच्छता सम्बन्धि आयोजनास्तरमा सम्पन्न तालिम, गोष्ठी तथा अभियानहरु | | ३४ | |
| खानेपानी, पानी गुणस्तर तथा स्वच्छता सम्बन्धि गाउँपालिका तथा वडास्तरमा सम्पन्न तालिम, गोष्ठी तथा अभियानहरु | | २० | |

## नतिजा २: जीविकोपार्जन प्रवर्द्धन

| क्षेत्र | आ.व. २०७६/७७ को लक्ष | आ.व. २०७६/७७ को उपलब्धि | Phase III को हालसम्मको उपलब्धि |
|---|---|---|---|
| सिंचाई आयोजनाको संख्या (IPC र IPC*) | ४ | २ | ३ |
| सिंचाई आयोजनाको संख्या (IPO) | | २ | २ |
| सिंचाई आयोजनाबाट लाभान्वित जनसंख्या (IPC र IPC*) | २८१७ | १५०० | ३२४३ |
| सिंचाई आयोजनाबाट लाभान्वित जनसंख्या (IPO) | | | |
| बहुउपयोगी आयोजनाको संख्या (IPC र IPC*) | | | |
| बहुउपयोगी आयोजनाको संख्या (IPO) | | | |
| बहुउपयोगी आयोजनाबाट लाभान्वित जनसंख्या (IPC र IPC*) | | | |
| बहुउपयोगी आयोजनाबाट लाभान्वित जनसंख्या (IPO) | | | |
| जीविकोपार्जन संरचना निर्माण (IPC र IPC*) | ४२ | ४२ | ५२ |
| जीविकोपार्जन संरचना निर्माण (IPO) | | | |
| **आधारभूत जीविकोपार्जन (घरवारी):** | | | |
| घरवारी सम्बन्धि तालिम संख्या (नयाँ) | १० | ७ | १७ |
| घरवारी सम्बन्धि तालिम संख्या (पुनर्ताजगी) | १३ | १३ | २१ |
| घरवारी तयार गरेका घर संख्या | ४२ | ४२ | |
| घरवारीबाट लाभान्वित जनसंख्या | २७२ | २७२ | १६३२ |
| **Advanced Livelihood** | | | |
| प्राविधिक (Agro-vet, VMW, MPN, LF, LRP, etc.) तालिम संख्या | ४ | ४ | ८ |
| प्राविधिक (Agro-vet, VMW, MPN, LF, LRP, etc.) तालिममा सहभागी संख्या | २३ | २३ | ३९ |
| लघुउधम तथा कृषि व्यवसायको संख्या | २ | २ | ३ |
| लघुउधम तथा कृषि व्यवसायमा सहभागी संख्या | ० | २३६ | २५५ |
| **गोष्ठी तथा अभियानहरु:** | | | |
| जीविकोपार्जन तथा सहकारी सम्बन्धि समुदायस्तरमा सम्पन्न गोष्ठी तथा अभियानहरु (संख्या) | | ३४ | ४९ |
| जीविकोपार्जन तथा सहकारी सम्बन्धि गाउँपालिका तथा वडास्तरमा सम्पन्न गोष्ठी तथा अभियानहरु (संख्या) | | ५ | १६ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | |
|---|---|---|---|
| जीविकोपार्जन तथा सहकारी सम्बन्धि समुदायस्तरमा सम्पन्न गोष्ठी तथा अभियानहरुमा सहभागी संख्या | | १४७ | ५८० |
| जीविकोपार्जन तथा सहकारी सम्बन्धि गाउँपालिका तथा वडास्तरमा सम्पन्न गोष्ठी तथा अभियानहरुमा सहभागी संख्या | | २६५ | ६६० |

## नतिजा ३: जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण

| **क्षेत्र** | **आ.व. २०७६/७७ को लक्ष** | **आ.व. २०७६/७७ को उपलब्धि** | **Phase III को हालसम्मको उपलब्धि** |
|---|---|---|---|
| सुधारिएको चुल्हो (ICS) निर्माण संख्या | २७९ | ० | ३०० |
| सुधारिएको चुल्हो (ICS) बाट लाभान्वित जनसंख्या | १७०३ | ० | १८०० |
| सुधारिएको पानी घट्ट (IWM) निर्माण संख्या | | | |
| सुधारिएको पानी घट्ट (IWM) बाट लाभान्वित जनसंख्या | | | |
| जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण सम्बन्धि भौतिक क्रियाकलापहरु | २ | २ | ११ |
| जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण सम्बन्धि समुदायस्तरमा गरिएको तालिम, गोष्ठीहरु | ५ | ५ | १७ |
| जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण सम्बन्धि गाउँपालिका तथा वडास्तरमा गरिएको तालिम, गोष्ठीहरु | ३ | १ | ७ |

## नतिजा ४: क्षमता विकास

क्षमता विकास सम्बन्धि क्रियाकलापहरुको बुँदागत सारांश:

- उद्यमशिलता विकास तालिम
- व्यबशायिक कृषकका लागि आय आर्जन सम्बन्धि ३ दिने तालिम
- घरवारी व्यबस्थापन तालिम
- अगुवा कृषक तालिम
- बहुउद्देश्यिय नर्सरी नाईके तालिम

- मौसमि तथा बेमौसमि तरकारी उत्पादन तालिम (दुई इभेन्ट)
- घरवारी व्यबस्थापन समुहलाई पुनरताजगि तालिम
- वास तालिम (स्कुलहरुमा)
- वास तालिम (वडाहरुमा)
- सहकारी शिक्षा तालिम
- उपभोक्ता समितिलाई खरिद तथा व्यबस्थापन तालिम
- चरणबद्ध तालिम (खानेपानी)
- चरणबद्ध तालिम (सिंचाई)
- चरणबद्ध तालिम (निर्माण पश्चात)
- वास ट्रिगर तालिम
- LRP तलिम
- CCA/DRR तालिम (सहयोगि संस्थाका कर्मचारीलाई)
- ग्रामिण मर्मत संभार कार्यकर्ता तालिम

# आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमि

नेपाल सरकारले देशको बहुआयामिक गरिबिलाई न्युनिकरण गर्ने उद्देश्य अनुरुप १० सौं पंचबर्षिय योजना (गरिबी न्युनिकरण रणनिती पत्र) अनुरुप दिगो लक्ष्य विकासको उद्देश्य हाँसिल गरि देशलाई विकसिल राष्ट्रबाट बिकसित राष्ट्रमा परिणत गर्नका लागि दिगो लक्ष्य विकासको ६ नं. बुँधामा रहेको खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा रहेको गरिबी २०३० सम्ममा पुरा गर्न कर्णाली र सुदूरपश्चिम प्रदेशका १० वटा जिल्लामा ग्रामिण जलस्रोत व्यबस्थापन परियोजनाले आफ्नो कार्यक्रम संचालन गरिरहेको छ भने यस गाउँपालिकामा पहिलो चरणबाट नै कार्यक्रम संचालन गर्दै आईरहेको छ ।

कर्णाली प्रदेश र सुदूरपश्चिमका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वक निरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP) राज्यको पुनर्संरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ । भने कार्यक्रमको तेस्रो चरणलाई युरापियन युनियनको सहयोग रहेको छ ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४।०४।२९ मा स्थानीय पूर्वाधार विभाग (साविक डोलीडार), यस गाउँपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत

रही आर्थिक वर्ष २०७६/०७७ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलब्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

यस आर्थिक वर्ष २०७६/०७७ को चैत्र ११ गते देखि विश्वभर महामारीका रुपमा फैलिएको कोरोना नोवल भाईरस (COVID 19) का कारण देश नै लकडाउनमा परेकाले स्वामिकार्तिक खापर गा.पा. पनि त्यसबाट अछुतो रहन सकेन । त्यसको प्रत्यक्ष प्रभाव परियोजना मार्फत संचालित चालु तथा पुँजिगतका योजनाहरुमा परेको थियो । त्यस्तो हुँदाहुदै पनि सम्पुर्ण उपभोक्ता समिति, उपभोक्ता, परिचालित कर्मचारीहरु तथा गाउँपालिकाको मेहनत, परिश्रम तथा सहि निर्णयका कारण परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये ९४ प्रतिशत रकम निकासा भै ८८ प्रतिशत खर्च भएको छ । जसमध्ये नेपाल सरकार तर्फको रु.११२११०।– रकम फ्रिज भएको छ भने दातृ निकाय तर्फको रु.१८५३१५५।– परियोजना कार्यालयमा फिर्ता गरिएको छ । स्थानीय तहको विनियोजित रु.७१८२९३०।– मध्ये रु.५२५८४०७।– खर्च भएको छ । यस स्थानीय तहमा बजेटको तुलनामा ८८% आर्थिक प्रगति हासिल भएको छ ।

तर्जुमा गरिएका ७ वटा भौतिक निर्माण तर्फका योजनाहरु मध्ये ३ वटा योजनाहरु सम्पन्न भएका छन् भने ३ वटा निर्माणाधिन योजना आगामी आ.व.को श्रावण मसान्तसम्म सकिने देखिएका छन । त्यसका लागि गाउँपालिकाले भुक्तनी गर्ने गरि उपभोक्ता समितिलाई निर्देशन दिईएको छ ।

यस प्रतिवेदनमा स्वामीकार्तिक खापर गाउँपालिका ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरण अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।

# २. लक्ष बमोजिम उपलब्धी

## २.१ “जलउपयोग गुरुयोजना / जीविकोपार्जन कार्यन्वयन योजना” को कार्यन्वयन प्रगति

### २.१.१. जलउपयोग गुरुयोजनाको कार्यन्वयन सम्बन्धि महत्वपूर्ण प्रगतिहरु:

- यस गा.पा.को जलउपयोग गुरु योजना अनुसार खानेपानी तथा सरसफाई योजनाहरु कार्यक्रमको अन्तिम चरणसम्ममा स्थायि बसोबास भएको वस्तिहरु सबैमा खानेपानीको पहुँच पुगेको छ । अहिले सबै स्थायि बस्तीहरुमा स्वच्छ तथा गुणस्तरयुक्त खानेपानी पुगेको छ भने गा.पा. गुरु योजनाको जगमा टेकेर ले २०८३ भित्र पुर्ण सरसफाई गाउँपालिका घोषणा गर्ने गरि कार्य थालिसकेको छ ।
- खानेपानीका सम्पुर्ण कामहरु सम्पन्न गरि सके पश्चात पनि पुर्ब साप्पाटा गा.वि.स.र हालको स्वामीकार्तिक खापर गा.पा. वडा नं. १ र २ मा ३ वटा सिंचाई योजना निर्माण भएको छ ।
- निजि धारा प्रणालि अनुसार नमुना योग्य खानेपानी योजना सम्पन्न भएको छ ।

### २.१.२. जीविकोपार्जन कार्यन्वयन योजनाको कार्यन्वयन सम्बन्धि महत्वपूर्ण प्रगतिहरु:

- सफल उद्यमीहरु तयार गर्न सफल भएको छ ।
- आयआजन समुहबाट राम्रा व्याबशायिक कृषकहरु उत्पादन गरि स्थानिय बजारमा स्थानीय तरकारीको राम्रो उपलब्धता रहेको छ ।
- पुँजिगत तिर ४२ वटा टनेलहरु व्यबशायिक कृषकहरु छानी समुहगत रुपमा बितरण गरि बेमौसमि तरकारि उत्पादनमा महत्वर्पुण रुपमा बृद्धि गरि गाउँघर तथा स्थानिय बजारमा तरकारीको उपलब्धता बढाएको छ ।

## २.२ भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७६/७७ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ :

- दुई वटा खानेपानी योजनाहरु सम्पन्न भएका छन ।
- एउटा सिंचाई सम्पन्न भएको छ भने ३ वटा सिचाइ योजना सम्पन्न हुने अवस्थामा रहेका छन् ।
- दुई वटा विद्यालय शौचालय निर्माण समपन्न भएका छन् ।
- ४१ वटा टनेल निर्माण सम्पन्न भएका छन ।
- बहुउद्देश्यिय नर्सरीका लागि १ वटा हाईटेक टनेल निर्माण गरि बिरुवा उत्पादन गर्न शुरु गरिएको छ ।

**तालिका २.१: यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी**

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | २ | ५२१ | २ | १३५२ | १००% | |
| २ | सिँचाई योजनाहरु | ४ | ३२७२ | २ | १५०० | ५०% | |
| ३ | संस्थागत चर्पीहरु (संख्या) | २ | २३० | २ | | २ | |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | घरबारी व्यवस्थापन (घरधुरी) | १० | ३०० | ७ | १८१ | | |
| ५ | सुधारिएको चुल्हो | | ० | ० | ० | ० | ० |
| ६ | सुधारिएको पानी घट्ट (संख्या) | | | | | | |

**तालिका २.२: यस आर्थिक वर्षमा सम्पन्न भएका आयोजनाहरु**

| क्र.सं. | क्षेत्र | आयोजनाको नाम | आयोजनाको संक्षिप्त विवरण |
|---|---|---|---|
| १ | खानेपानी | मथिखड भैथान खा.पा. | यो योजना यस गा.पा.को वडा नं.३ को जुकोटमा रहेको छ । योजना सत प्रतिशत सम्पन्न भएको छ भने यस योजनाबाट १३६ घरधुरी र ९२८ जनसंख्या लभान्वित भएका छन । योजनामा इन्टेक १ वटा, RVT २ वटा, IC ३ वटा, DC १ वटा पाईप लाईन (ट्रान्समिसन) ६१४४ मि.,पाईप लाइन (डिष्ट्रिव्युशन) २००८ मि., एनिमल ट्रप २ वटा, खोला क्रसिङ्ग १ वटा, सार्बर्जानिक धारा २२ वटा र विद्यालय धारा १ वटा बनेको छ । योजनाको सम्झौता मिति २०७६।८।१० देखि २०७७।८।२५ सम्म रहेकामा यो योजना सम्झौता मिति भन्दा अगावै मिति २०७७।३।२५ सम्पन्न भएको छ । |
| २ | खानेपानी | माथिल्लो जालावाडा खा.पा. | यो योजना यस गा.पा.को वडा नं.३ को जुकोटमा रहेको छ । योजना सत प्रतिशत सम्पन्न भएको छ भने यस योजनाबाट ६१ घरधुरी र ४१४ जनसंख्या लभान्वित भएका छन । योजनामा इन्टेक १ वटा, RVT २ वटा, IC ३ वटा, DC १ वटा पाईप लाईन (ट्रान्समिसन) ४९७० मि.,पाईप लाइन (डिष्ट्रिव्युशन) १५७९ मि., एनिमल ट्रप १ वटा, खोला क्रसिङ्ग १ वटा, सार्बर्जानिक धारा १४ वटा र विद्यालय धारा २ वटा बनेको छ । योजनाको सम्झौता मिति २०७६।८।१० देखि २०७७।८।२५ सम्म रहेकामा यो योजना सम्झौता मिति भन्दा अगावै मिति २०७७।३।२५ सम्पन्न भएको छ । |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | |
|---|---|---|---|
| ३ | सिंचाई | रुढिबागेंछहरा सिंचाई | ३२३ मि सिचाई कुलोको २०० मी. नहर बनेको र १२३ मि. पाईप राख्नु पर्ने कार्य सम्पन्न भएको । |
| ४ | सिंचाई | किउरी सिचाई | १७७५ मि. मध्ये १००० मि. जति तयार भएको । |
| ५ | सिंचाई | भैसेगाड सिचाई | ९०२ मि. सिचाई कुलो निर्माण हुनुपर्नेमा कोरोनाका कारण ५५० मि. मात्र सम्पन्न हुन सकेको । |
| ६ | सिंचाई | गोब्रेखल्लना सिचाई कुलो | १३६२ मि. सिचाई कुलोमा लागभग ९०० मि. जति कुलो निर्माण भएको । |
| ७ | विद्यालय शौचालय | कुलादेवी मा.वि. | ३ स्टार मोडलमा निमार्ण सम्पन्न भएको । |
| ८ | विद्यालय शौचालय | कर्णालि आधारभुत विद्यालय | काम सम्पन्न भएको । |
| ९ | जिविकोपार्जन | प्लाष्टिक टनेल घर | ४१ वटा निर्माण सम्पन्न भएका । |
| १० | जिविकोपार्जन | हाईटेक टनेल घर | १ वटा निर्माण सम्पन्न भएको । |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन ।

**तालिका २.३: लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण**

| क्र.सं. | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | COVID 19 का महामारीका कारण एक महिना सम्म पुँजिगत तिरका क्रियाकलापहरु स्थगित भएको र चालुतिर कुनै पनि क्रियाकलाप संचालन नगर्ने भन्ने निर्णय भएको र क्रियाकलाप संचालन गरे पनि दुरी कायम गर्न नसकिने भएकाले । | सामाजिक दुरी कायम गरी क्रियाकलाप संचालन गर्न निर्देशन दिनुका साथै आवश्यकता अनुसार आर्थिक व्यवस्थापन गर्ने । |
| २ | सप्लायरले उपभोक्ता समितिलाई बाह्य सामाग्रि समयमा आपुर्ति नर्गनाले । | आउने दिनमा यस्ता समस्या नआउन दिनका लागि गा.पा.ले सम्झौता अनुसार समयमा सामान उपलब्ध नगराउने सप्लायरलाई कालो सुचिमा राख्ने । |
| ३ | COVID 19 का महामारीका कारण स्थगित भई काम गर्ने निर्णय पश्चात बालीनालीको कामका कारणले जनश्रमदान जुट्न अप्ठेरो परेको । | उपभोक्ता समितिलाई सहयोग गर्न प्राविधिक सहित अन्य कर्मचारीहरुलाई परिचालन गनेकार्य गरिएको । |

## २.३ क्षमता विकास

आर्थिक वर्ष २०७६/०७७ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

- बहुउद्देश्यिय नर्सरी नाईके तालिम पश्चात कृषकहरुले ओखर, कागती र बाँसका विरुवा उत्पादन गरेपछि ति जातका बिरुवा सहजरुपमा स्थानीय स्तरमा व्यबशायिक उत्पादन गर्न थालिएको ।
- ४१ वटा टनेल स्थापना भएपछि कृषकहरुले बेमौसमि तरकारी उत्पादन गरि आर्थिक आय आर्जन गरेका छन ।
- हाईटेक नर्सरी स्थापनाले बाँस, टिमुरका बिरुवा सहजरुपमा उपलब्ध भएको छ ।

- वास तालिमले गा.पा.लाई पुर्ण सरसफाई गा.पा. घोषणा गर्नका लागि महत्वपुर्ण भुमिका खेलेको छ ।
- घरवारी तालिमले घरवारी व्यबस्थापन समुहबाट व्यबशायिक कृषक उत्पादन गर्न सफल भएको छ ।

**तालिका २.४: क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश**

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | ८९ | ४७ | ०० | ०० | २८५ | १४८ | ३७४ | १९५ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | ३५२ | १६५ | ०० | ०० | १००४ | ५५७ | १३५६ | ७२२ |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | ६१ | ०० | ०० | ०० | ६१० | ०० | ६७१ | ०० |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | ० | ० | ० | ३ | २ | ३ | २ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | | | | | | | | |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | | | | | | | | |
| गाउँपालिकास्तरीय क्षमता विकास तालिमहरु | ६ | ४ | | | ८४ | ६९ | ९० | ७३ |
| **जम्मा :** | ५०८ | २१६ | ०० | ०० | १९८६ | ७७६ | २४९४ | ९९२ |
| **प्रतिशत** | २१ | | ० | | ७९ | | १०० | |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

२.४ जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

**१. घरबारी:** व्यबशायिक कृषक उत्पादन भएका छन् ।

**२. आयआर्जन:** तरकारी खेती गरि आर्थिक आम्दानी गरेका छन जसले गर्दा गरिबि न्युनिकरणमा सहयोग पुगेको छ ।

**३. सहकारी:** सहकारी संस्थाको क्षमता विकास तथा आन्तरी व्यबस्थापनका लागि शम्भु शुनन्दा बहुउद्देश्यिय सहकारी संस्थालाई Operational Grand सहयोग गरिएको छ ।

**४.लघु उद्यम:** स्थानीय जडिबुटिबाट चिया उत्पादन गरिरहेको हिमालि जडिबुटी चिया उद्योगलाई व्यबसायिक रुपमा अगाडि बढाउने कार्यमा सहयोग भएको छ ।

**५.स्थानीय स्रोत व्यक्ति उत्पादन:** पुर्ण सरसफाई क्रियाकलापलाई प्रवर्द्धन गर्नका लागि २ जना वास उत्प्रेरक र महिनावारी स्वच्छताका क्रियाकलाप संचालन गर्नका लागि मर्यादित महिनावारी स्वच्छता सहजकर्ताहरु उत्पादन गरिएको छ ।

## तालिका २.५: घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | परियोजनाको तेस्रो चरणको कुल जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १,२,३, ४ र ५ | ११९ | ० | ४४९ | ५७६ | ३९ | ० | ४४५ | ४८४ | १५८ | ० | ८९४ | १०५२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| **जम्मा** | ११९ | ० | ४४९ | ५७६ | ३९ | ० | ४४५ | ४८४ | १५८ | ० | ८९४ | १०५२ |

## तालिका २.६: आयआर्जन सम्बन्धी विवरण

| क्र.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | ४ | ० | २२ | २६ |
| २ | व्यवसायिक फलफूल खेती | ० | ० | ० | ० |
| ३ | लघुउद्यम व्यवसाय | ० | ० | २ | २ |
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | १ | ० | ११ | १२ |
| ५ | एग्रोभेट | ० | ० | ० | ० |
| **जम्मा** | | **५** | **०** | **३५** | **४०** |

**तलिका २.७: सहकारी सम्बन्धी विवरणः**

| क्र.सं. | सूचकहरु | परियोजनाको प्राविधिक सहयोग प्राप्त सहकारीको नाम | | |
|---|---|---|---|---|
| | | सम्भु शुन्नदा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | | |
| १ | सहकारीमा आवद्ध उपभोक्ता समिति संख्या | १५ | | |
| क | सामुदायिक संस्था | ० | | |
| ख | उपभोक्ता समिति | १५ | | |
| ग | घरवारी व्यवस्थापन समुह | ० | | |
| २ | शेयर धनीहरुको संख्या | | | |
| क | महिला | ५२४ | | |
| ख | पुरुष | ३६५ | | |
| ३ | कुल सम्पत्ती रु. | | | |
| ४ | कुल ऋण लगानी रु | ५६१७००० | | |
| ५ | असूली दर | ५५००००० | | |
| ६ | खुद नाफा रु | ३१०१५० | | |
| ७ | मर्मत सम्भार कोष विनियोजन रु | ० | | |
| ८ | जगेडा कोष रु. | ७७८०१४ | | |
| ९ | सञ्चालन आत्मनिर्भरता | | | |

## ३. अनुगमन तथा प्रतिबेदन

**तालिका ३.१: अनुगमन कार्यदलबाट योजनास्तरमा गरिएको अनुगमनको विवरण**

| क्र.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट |
|---|---|---|---|---|

| | | स्थलगत अनुगमन संख्या | | अनुगमन मा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १. | मथिखड भैथान खानेपानी तथा सरसफाई योजना | ३ | ३ | ३ |
| २. | माथिल्लो जालावाडा खानेपानी तथा सस यो. | ३ | ३ | ३ |
| ३. | रुढि सिंचाई योजना | ३ | ३ | ६ |
| ४. | किउरी सिचाई योजना | ३ | ३ | ६ |
| ५. | भैसेगाड सिंचाई योजना | ३ | ३ | ५ |
| ६. | गोब्रे खल्ना सिचाई योजना | ३ | २ | ३ |
| ७. | कुलादेवि विद्यालय शौचालय | ३ | ३ | ३ |
| ८. | कर्णाली आधारभुत विद्यालय | ३ | २ | ५ |
| | जम्मा | २४ | २२ | ३४ |

**तालिका ३.२: गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु**

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | १२ | १२ | ० |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ४ | ४ | ० |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| | जम्मा | १७ | १७ | 0 |

**तालिका ३.३: अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन**

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७७.०८.०६ बाट | | सुझाव अनुसार कार्य थालनि भएको । |
| २ | २०७७.०२.११ देखि १५ गते सम्म | योजनाको काम असार मसान्तसम्म सम्पन्न गर्ने गरि योजना बनाई कार्य सम्पन्न गर्ने । | कार्य योजना बनाईएको तर कार्य सम्पन्न नभएको । |
| ३ | २०७७.०३.१८ देखि २२ सम्म | योजनाका कामहरु गुणस्तरीय भए पनि काम समयमा सम्पन्न हुन नसकेकाले समय भित्र सम्पन्न गर्ने । | सुझावन कार्यन्वय नभएको । |

# ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

यस आर्थिक बर्षको श्रावण महिनाको दोस्रो सातामा कार्यक्रमको प्रगती समिक्षा भएको थियो जसमा कोर र नन्कोर गा.पा.र न.पा.बाट नगर प्रमुख, गा.पा. अध्यक्ष, प्रमुख प्रकाशकिय अधिकृत, कार्यक्रम सहयोग ईकाइबाट राजु तिर्वा, प्राबिधिक सहयोग ईकाइ बाजुराका कर्मचारीहरु, गाउँपालिका सहयोग इकाइका कर्मचारी सहित सहयोगि संस्थाका पदाधिकारी र कर्मचारीहरुको सहभागिता रहेको थियो ।

**तालिका ४.१: गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक**

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७६.०४.२७ | आ.व.२०७५।०७६ को बार्षिक प्रगतिका वारेमा छलफल गरिएको । |
| २ | २०७६.०५.०१ | सहयोगि संस्था र जलस्रोत अधिकृतको बार्षिक कार्यसमपादन र म्यादथप । |
| ३ | २०७६.०५.३० | सहयोगि संस्थाका कर्मचारीको छनौट अनुमोदन सम्बन्धमा । |
| ४ | २०७६.०७.२८ | पहिलो अनुगमन र स्टार मोडल चर्पी निर्माण वारे छलफल गरिएको । |
| ५ | २०७६.०८.२२ | वास ट्रिगर छनौट तथा परिचालन र प्लाष्टिक घर निमार्णका लागि सम्झौता । |
| ६ | २०७६.०९.११ | मर्यादित महिनावारी व्यबस्थापन सहजकर्ता छनौट र परिचालन । |
| ७ | २०७६.१०.२९ | मातृभुमि चुलोका लागि टोल छनौट र उ.स. गठन । |
| ८ | २०७६.१२.०७ | लघुउद्यम सहयोग र स्याउ ओखर प्रबर्द्धन सम्बन्धमा । |
| ९ | २०७७.०१.१६ | सुरक्षित र दुरी कायम गरि कार्यालय र योजना संचालन सम्बन्धमा । |
| १० | २०७७.०२.०७ | योजनाको दोस्रो अनुगमन र अनुगमन गर्दा अपनाउनु पर्ने उपायका सम्बन्धमा । |
| ११ | २०७७.०२.२२ | गा.पा.मा कोरोना बिरुद्ध क्रियाकलाप संचालन गर्न ४५०००० रकम खर्च गर्न सिफारिसका लागि अनुरोध । |
| १२ | २०७७.०३.०९ | वास बोर्ड गठन र अनुमोदनका लागि कार्यपालिका मा पठाउने । |
| **RMSU तथा SO को संयुक्त मासिक वैठक** | | |
| १ | २०७६.०५.०२ | बार्षिक कार्यक्रमका वारेमा जिल्ला सल्लाहकारबाट जानकारी |
| २ | २०७६.०५.२६ | सहयोगि संस्थाले बार्षिक कार्यक्रमलाई निश्चित समय भित्र सम्पन्न गरि सक्ने । |
| ३ | २०७६.०८.३० | मातृभुमि चुलो सम्बन्धमा । |
| ४ | २०७६.०९.२७ | साप्ताहिक र मासिक कार्य योजना र जिम्मेवारी बाडफाँड सम्बन्धमा । |
| ५ | २०७६.१०.२७ | मासिक प्रगति र कार्ययोजना सम्बन्धमा । |
| ६ | २०७६.११.३० | पुर्ण सरसफाई सम्बन्धि प्रगति तथा कार्ययोजना |
| ७ | २०७६.१२.११ | विदा र फिल्ड स्तरका क्रियाकलाप सम्बन्धमा |
| ८ | २०७७.०१.१९ | संचालित योजनाको प्रगति समिक्षा र नियमित रिर्पोटिगं सम्बन्धमा । |
| ९ | २०७७.०२.२५ | उ.स.आबद्धता र लकडाउनले सहकारीमा पारेको प्रभाव सम्बन्धमा |
| १० | २०७७.०२.२६ | एम. वाटर तथ्याकं भर्ने सम्बन्धमा । |
| ११ | २०७७.०३.१५ | योजना समिक्षा तथा अन्तिम अनुगमन सम्बन्धमा । |

# ५. नीति तर्जुमा

- जलउपयोग गुरु योजना तथा जिविकोपार्जन सुधार योजना गाउँसभाबाट अनुमोदन ।
- **खानेपानी, सरसफाई तथा स्वच्छता निर्देशिका २०७७** अनुमोदन ।



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

# ६. सहकार्य

परियोजनाको निर्देशिका बमोजिम खानेपानी, सरसफाई, स्वच्छता, जिविकोपार्जन र बिभिन्न जनचेतना जगाउने खालका कार्यक्रम र दिवसहरुमा खास गरि कोरोनाका बिरुद्ध गा.पा.स्वास्थ्य शाखासंग साथै बिभिन्न निकायसंग सहकार्य गरि बिभिन्न क्रियाकलापहरु संचालन गरिएको छ ।

## तालिका ६.१: परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | बिउ बैक तथा चिया उद्योग | लघुउद्यम प्रबर्द्धन | साझेदारी | ४५००००। |
| २ | गा.पा. स्वाश्थ्य शाखा | कोरोना सम्न्धि जनचेतना तथा सामाग्रि | साझेदारी | ३०००००। |

# ७. आइपरेका समस्याहरु

कार्यक्रम कार्यान्वयनका सन्र्दभमा ठुला साना समस्याहरु आई परेका थिए जसका कारण यस आ.व.का क्रियाकलाप संचालनमा बाधा परि केही क्रियाकलाप स्थगित गर्नु पर्ने बाध्यात्कम परस्थिती सृजना भएको थियो ।

## तालिका ७.१: आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| 1 | कोरोनाका कारण योजना स्थगित गर्नुपरेको । | कोरोनाका माहामारीमा दुरी कायम गरि सुरक्षाका उपायहरु अपनाई योजनाका कामहरु संचालन गरिएको थियो । |
| २ | सप्लायरले बाह्य सामाग्रि समयमा नपुर्‍याउदा योजना निर्माणमा ढिलाई भएको | गाउँपालिका सहयोग ईकाइ र प्राबिधिक सहयोग ईकाइले बारम्बार फलोअप गर्नाले समय भन्दा ढिलो भए पनि सामाग्री योजना स्थलमा पुगेको । |

## अनुसूची १: यस आ.व.मा संचालित योजनाहरुको विवरण

| योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु. मा) (GoN+GoF+EU+RM) | यस योजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने / नजाने | आगामी आ.व.मा हुने खर्चको लक्ष (GoN+GoF+EU+RM) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाइ योजना** | | | | | | | | |
| भैथान मोतिखण | ३ | ६५९०४८९ | ४२७०७१३ | ४२७०७१३ | १८९७५६४ | | | ९३८ |
| माथिल्लो जालाबाडा | ३ | ५०७४१७२ | ३२९५९६७ | ३२९५९६७ | ११७७११६ | | | ४१४ |
| **जम्मा:** | | **११६६४६६१** | **७५६६६८०** | **७५६६६८०** | **३०७४६८०** | | | **७५२** |
| **सिँचाई / बहुपयोगी  योजना** | | | | | | | | |
| भैंसागाढ सिचाँई कुलो | २ | ५१२२६७२ | २५७७६८४ | २५७७६८४ | २६८७५० | | | ५८३ |
| किउरी सिचाँई कुलो | १ | ७३६६३१४ | ३६५७६५२ | ३६५७६५२ | ३८६५०० | | | ४८० |
| रुढीबाङ्गेछहरा सिचाँई कुलो | १ | २१०४६६७ | १३२२४२० | १३२२४२० | ४८८०४९ | | | ९१७ |
| गोब्रेंखल्ना सिचाँई कुलो | ३ | ४७५५७९९ | ३५३०८४३ | ३५३०८४३ | ५२५०६१ | | | ८३७ |
| **जम्मा:** | | १९३४९४५२ | ११०८८५९९ | ११०८८५९९ | १६६८३६० | | | २८१७ |
| **संस्थागत शौचालय** | | | | | | | | |
| कुलादेबि मा.बि सौचालय | १ | १९२२४८८.६३ | १३६४०६८ | १३६४०६८ | ५१५३६७ | | | ० |
| कर्णालि प्रा.बि सौचायल | ४ | ३३९००८.७७ | २६२५२८ | २६२५२८ | ० | | | ० |
| **जम्मा:** | | २२६१४९७.४० | १६२६५९६ | १६२६५९६ | ५१५३६७ | | | |
| **सुधारिएको पानीघट्ट** | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **जम्मा:** | | | | | | | | |
| **सुधारिएको चुल्हो** | | | | | | | | |
| | | | | | | | | |
| **जम्मा:** | | | | | | | | |

# अनुसूची २.१: यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | सरसफाई तथा जेशी यच.आर.बि.ए | १, २ र ३ | १ दिन | ५ | १० | ६ | ० | ० | २३ | १७ |
| २ | परीयोजना अभिमुखीकरण | १, २ र ३ | १ दिन | ५ | १० | ६ | ० | ० | २३ | १७ |
| ३ | घरवारी व्यवस्थापन | १, २ र ३ | १ दिन | ५ | १० | ६ | ० | ० | २३ | १७ |
| ४ | लेखा व्यवस्थापन | १, २ र ३ | १ दिन | ५ | १० | ६ | ० | ० | २३ | १७ |
| ५ | सि.सि.य,डि.आर.आर | १, २ र ३ | १ दिन | ५ | १० | ६ | ० | ० | २३ | १७ |
| ६ | WSP | ३ र ४ | ३ दिन | ४ | ७ | ६ | ० | ० | १५ | २६ |
| ७ | महिला धारा समुहलाई तालिम | ३ र ४ | १ दिन | ६ | २३ | ० | ० | ० | १११ | ० |
| ८ | आर्थिक ब्यस्थापन पुनताजगी | ३ र ४ | १ दिन | ५ | ७ | ७ | ० | ० | २० | १७ |
| ९ | निमार्ण पश्चातको गोष्ठी | ३ र ४ | १ दिन | ३ | २ | ४ | ० | ० | २४ | २० |
| | | **जम्मा** | | **४३** | **८९** | **४७** | **००** | **००** | **२८५** | **१४८** |
| **सरसफाइ, स्वच्छता,महिनावारी व्यवस्थापन र जनचेतना सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | बिस्व हातधुने दिवस | गा.पा | १ दिन | १ | ५ | ६ | ० | ० | १८ | ४१ |
| २ | वडा वास सि.सि.लाई पुर्ण सरसफाई सम्बन्धि तालिम | १देखी ५ | १ दिन | ५ | ९ | २२ | ० | ० | ४८ | ७६ |
| ३ | वडा स्तरीय महिला समुह लाई पुर्ण सरसफाई सम्बन्धि तालिम | १देखी ५ | १ दिन | ५ | ३९ | १ | ० | ० | ११२ | १३ |
| ४ | बिद्यालय वास तालिम | ३,४,५ | २ दिन | ६ | १७ | ३२ | ० | ० | ९० | ६८ |
| ५ | बिद्यालय वास योजना तयारी तालिम | ३,४,५ | १ दिन | ६ | १८ | २३ | ० | ० | ७३ | ८६ |
| ६ | १९ औं बिष्व चर्पि दिवस | ४ | १ दिन | १ | ५५ | १२ | ० | ० | १२३ | २५ |
| ७ | महिनावारी स्वच्छता दिवस | ३,४ | १ दिन | १ | ७ | १६ | ० | ० | २२ | ७६ |
| ८ | २१ औं राष्ट्रिय सरसफाई सप्ताह | १,३,४ | ७ दिन | ४ | ७ | १३ | ० | ० | १७ | ६६ |
| ९ | १६ दिने महिला हिंसा बिरुद्धको अभियान | ४ | १ दिन | ५ | १९५ | ५२ | ० | ० | ५०१ | ११६ |
| | **जम्मा** | | | **३४** | **४५२** | **१६५** | **००** | **००** | **१००४** | **५५७** |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | घरवारी व्यवस्थापन तालिम | | ३ दिन | ७ | २३ | ० | ० | ० | १४७ | ० |
| २ | घरवारी व्यवस्थापन पुर्न ताजगी तालिम | | ३ दिन | १३ | १६ | ० | ० | ० | २९८ | ० |
| ३ | सहकारी शिक्षा तालिम | | ५ दिन | ५ | १४ | १० | ० | ० | ३६ | ५७ |

GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | | | २५ | ४३ | १० | ०० | ०० | ४८१ | ५७ |
| **स्थानीय स्रोत व्यक्ति र ग्रामीण मर्मत संभार लगायत प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | ग्रामीण मर्मत संभार कार्यकर्ता तालिम | ३ | १२ | | ० | | ० | ० | १ | |
| | | | | | | | | | | |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| | | | | | | | | | | |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | सहयोगि संस्थाका कर्मचारीलाई CCA/DRR | | ३ | १ | ० | १ | ० | ० | २ | १० |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १ | उद्यमशिलता तालिम | | ३ | १ | १ | १ | ० | ० | १३ | १८ |
| २ | व्यबसायिक कृषकलाई आय आर्जन सम्बन्धि ३ दिन तालिम | | ६ | २ | १ | २ | ० | ० | २८ | १५ |
| ३ | अगुवा कृषक तालिम | | ३ | १ | १ | ० | ० | ० | १४ | ० |
| ४ | बहुउद्देश्यिय नर्सरी नाईके तालिम | | ५ | १ | ० | ० | ० | ० | १ | ५ |
| ५ | मौसमि/बेमौसमि तरकारी उत्पादन सम्बन्धि ३ दिने तालिम | | ६ | २ | २ | १ | ० | ० | १८ | २० |
| ६ | उपभोक्ता समिति खरिद तथा व्यबस्थापन तालिम | | ३ | १ | ३ | २ | ० | ० | १० | १२ |
| ७ | निर्णयमा महिला | | २ | १ | ४ | ० | १ | ० | ३८ | ० |
| ८ | ग्रामिण मर्मत संभार कार्यकर्ता तालिम | | १२ | १ | ० | ३ | ० | ० | १ | १४ |
| ९ | उत्पादक र व्यबशायिहरु बिच छलफल गोष्ठि | | १ | १ | १ | ० | ० | ० | १० | १८ |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची २.२: गत वर्ष २०७५।०७६ सम्मको पेश्की / वेरुजु बाँकीको अवस्था

| कुल पेश्की / वेरुजु रकम रु | कुल फर्छ्यौट पेश्की / वेरुजु रकम रु | कुल पेश्की / वेरुजु रकम रु | कुल फर्छ्यौट पेश्की / वेरुजु रकम रु |
|---|---|---|---|
| | ११४०९७६.०० | | |

## अनुसूची २.३: आर्थीक बर्ष २०७६/०७७ मा थप भएको समेत कुल पेश्की / बेरुजु बाँकीको अवस्था

| आ.व. २०७५/०७६ सम्मको पेश्की / वेरुजु रकम मध्ये २०७६/०७७ मा फर्छ्यौट भई सो आ.व.को खुद बांकी रहेको पेश्की / वेरुजु रकम रु | यस बर्ष थप भएको पेश्की रकम रु | यस बर्ष थप भएको समेत ०७५।०७६ सम्मको कुल पेश्की तथा वेरुजु बाँकी रकम रु | कैफीयत |
|---|---|---|---|
| ११४०९७६। | ४०८७६४। | १५४९७४०। | |

## अनुसूची ३: गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु



स्वामीकार्तिक खापर गाउँपालिका वडा नं ३ निवासि पबिन्द्र बहादुर शाहीले तरकारी खेती गर्न थाल्नु भएको लगभग २ बर्ष हुन थालेको छ । ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाले उहाँ बस्ने वस्तीमा अघिल्लो आ.व.०७५।०७६ मा खानेपानी योजना बनाए पछि उहाँ घरवारी व्यबस्थापन समुहमा आबद्ध भई तरकारी खेती सम्बन्धि योजना स्तर, वडा स्तर र गा.पा. स्तरमा तालिम पाएपछि तरकारी खेती गर्न सुरु गर्नु भएका शाहीले सुरु सुरुमा घर परिवारको पोषणका लागि मात्र तरकारी उत्पादन गर्नु भएको थियो । गाउँपालिका उहाँ बस्ने बस्तीको नजिकै सरेपछि व्यबशायिक तरकारी खेती गरि आर्थिक रुपले समृद्ध बन्न आय आर्जन गर्नुपछ भन्ने मान्यता का साथ तरकारी खेतीको क्षेत्रफल बढाई तरकारी खेती गर्न थाल्नु भयो । मौसम अनुसारको तरकारी उत्पादन भए पनि बेमौसमि तरकारी उतपादन गर्न समस्या परेको बताउने शाहीले यस आ.व.मा परियोजनाका तर्फबाट फुल प्लाटिक टनेल सहित बिउ विजन, औषधि, भिटामिन तथा अन्य सामग्रि सहित बेमौसमि तरकारी खेती सम्बन्धि तालिम पाए पछि यहि हिउदबाट टनेलमा बेमौसमि तरकारी खेती सुरु गनु भएको थियो । यो बैषाख र जेष्ठमा मात्र टनेलमा उत्पादन भएका गोलभेडा, जुकेनी फर्सि र भेडे खुर्सानी घर परिवारले दैनिक उपभोग गरि बाँकि रहेको तरकारीबाट लगभग रु.४५००० आम्दानी गर्नु भएको छ । भने टनेलमा हाल पनि गोलभेडा, काँक्रा तथा भेडेखुसानी उत्पादन भैरहेका छन । बेमौसममा तरकारी उत्पादन गर्न सकेकाले पनि उहाँले यो दुई महिनामा राम्रो आम्दानी गर्न सक्नु भएको बताउनु हुन्छ । यो सबै तरकारी गा.पा. नजिकको बजार पिलुचौर र आफ्नै गाँउ बस्तीमा बिक्रि गर्नु भएको थियो । बजार टाढा रहेको र थोरै उत्पादन लैजान समस्या पर्ने भएकाले आउँदो दिनमा टनेलहरु बढाएर तरकारी उत्पादन बढाउने बिचार गर्नु भएको बताउनु हुन्छ । र अर्को तिर कोरोना महामारीका कारण बजारहरु बन्द भएकाले तरकारीहरु बारीमा नै खेर गैरहेको शाहीले बताउनु भएको छ ।



पहिले बाबु बाजेले गर्दै आनुभएको परम्परागत खेती धान, गहुँ, कोदो मकै जस्ता खाध्य उत्पादन मात्र खेती गर्दै आउनु भएका शाहीको कमाई तत्कालिन अवस्थामा केही पनि थिएन । परम्परागत खेतीले जति मेहनत गरे पनि ६ महिना मात्र खान पुग्ने भएकाले दुख मात्र हुने आर्थिक आम्दानी नहुने हुनाले घरका अन्य समस्या टार्न गाह्रो परिरहेको बताउनु हुन्छ । तर अहिले तरकारीबाट नगद पैसा घरमा आउन थालेपछि घर भित्रका साना तिना समस्याका लागि कसैसंग हात थाप्नु नपरेको र कान्छो छोराको बार्डिंगको फिस तिर्न र घरमा लुगाफाटो किन्न सजिलो परेको बताउनु हुन्छ । वाताबरण सहज भएमा आउने दिनमा परम्परागत खेतीलाई बिस्तारै बिस्थापित गरि तरकारी खेतिलाई बढाउदै व्यबशायिक रुपमा अगाडि बढ्ने उहाँको बिचार रहेको छ । तरकारीको उत्पादन र त्यसको बिक्रिबाट कमाउनु भएको मुनाफा सबै कृषकका लागि तरकारी खेती गर्नका लागि उत्प्रेरणाको बिषय बनेको छ ।

# अनुसूची ४: भिजिविलिटी

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | रेडीयो | २०७६।०८।१० देखि १७ सम्म | सरसफाई तथा स्वच्छता सन्दर्भमा जिगंल सहितको सुचकहरुका वारेमा जानकारी |
| २ | फेल्क्स | २०७६।१२। २० देखि २६ | कोरोनाका वारेमा गा.पा.का ३५ वटा टोलमा जानकारीमुलक फेल्क्स राखिएको |

**भिजिविलिटि सम्बन्धित तस्वीरहरु :**












GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

# अनुसूची ५: जनशक्ति विवरण

| क्र.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| **क.** | **गाउँपालिका सहयोग ईकाइ अन्तरगत रहने गरिः** | | | |
| १ | बन्धु बिक्रम शाही | स्वामीकार्तिक खापर गा. पा. / ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना सुइजउला वाइ, बाजुरा | गाउँपालिका जलश्रोत अधिकृत | १२ |
| २ | तेज बाहरा | ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना, बाजुरा | प्राविधिक सहजकर्ता | १२ |
| ३ | धन बहादुर के.सी. | ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना, बाजुरा | जीविकोपार्जन सहजकर्ता | ३ |
| **ख.** | **सहयोगी संस्था अन्तरगत रहने** | | | |
| | | स्वामिकार्तिक खापर गा. पा. / ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना, सुईजिउला,वाई बाजुरा ( मानव संशाधन केन्द्र,बाजुरा) | | |
| १. | दिल बहादुर धामी | HRC/बाजुरा | फिल्ड संयोजक | १२ महिना |
| २. | दिपेन्द्र सिह | HRC/बाजुरा | सव् ईन्जिनियर | १२ महिना |
| ३. | रण साँउद | HRC/बाजुरा | जलस्रोत प्रबिधिक | १२ महिना |
| ४. | सुरेस थापा | HRC/बाजुरा | जलस्रोत प्रबिधिक | १२ महिना |
| ५. | प्रेम बहादुर खड्का | HRC/बाजुरा | सरसफाइ प्रबर्द्धक | १२ महिना |
| ६. | शीला शाही | HRC/बाजुरा | सरसफाइ प्रबर्द्धक | १२ महिना |
| ७. | प्रेम कटेल | HRC/बाजुरा | जिबिकोपार्जन प्रबर्द्धक | १२ महिना |